# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : २८ मिति : २०७९/०४/१२

## भाग-२

## राजदेवी नगरपालिका

# राजदेवी नगरपालिका व्यवसाय दर्ता कार्यविधि, २०७९

**१. संक्षिप्त नाम र प्रारम्भः** क. यस कार्यविधिको नाम “राजदेवी नगरपालिका व्यवसाय दर्ता कार्यविधि, २०७९” रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “व्यवसाय” भान्नाले राजदेवी नगरपालिका भित्र संचालन हुने वस्तु तथा सेवा प्रदान गरी नगद आय आर्जन गर्न सक्ने सबै किसिमका पेशा, व्यवसाय वा कारोबारलाई सम्झनु पर्दछ ।

ख “दर्ता” भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन भएका पेशा, व्यवसाय वा कारोबारलाई नगरपालिकाले अभिलेखिकरण गरी पेशा संचालन अनुमति दिने कार्यलाइ बुझ्नु पर्दछ ।

ग) “नविकरण” भन्नाले व्यवसाय दर्ता गरिसकेपछि हरेक आ.व. को सुरुमा नगरपालिकाले निश्चित शुल्क लिइ अनुमति पुनः १ वर्षको लागि दिइने अनुमतिलाई बुझ्नु पर्दछ ।

घ) “आर्थिक ऐन” भन्नाले चालु आर्थिक वर्षको लागि राजदेवी नगरपालिकाको नगर सभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ ।

ङ) “नगरपालिका” भन्नाले राजदेवी नगरपालिकालाई सम्झनु पर्दछ ।

**३. दर्ता नगरी व्यवसाय गर्न नहुनेः** नगरपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय दर्ता नगरी संचालन गर्न पाइने छैन ।

**४. व्यवसाय दर्ताः** क) व्यवसाय दर्ताको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुलाई व्यवसायको वर्गिकरण गरी दर्ता गर्नेछ र प्रमुख प्रशासकिय अधिकृतले अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) व्यवसायको बर्गिकरण नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

ग) व्यवसाय दर्ताको लागि तपशिल बमोजिमको कागजपत्र आवश्यक पर्नेछ ।

१. अनुसुचि २ बमोजिमको निबेदन

२. व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपी, विदेशीको हकमा पासपोर्ट, भिसा (आवश्यक भएमा) र नेपाल सरकारले व्यवसाय संचालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि,

३. २ प्रति फोटो

४. मु.अ. कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

५. घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा सम्झौतापत्र तथा जग्गाको लालपुर्जाको छाँयाप्रति

घ) सामुहिक व्यवसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन

ङ) व्यवशाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

**५. व्यवसाय नविकरण तथा दण्ड जरिवाना** : क) नगरपालिकाले हरेक आर्थिक वर्षमा दर्ता भएका व्यवसायलाई प्रमुख प्रशासकिय अधिकृतले नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसुचि ३ बमोजिमको ढाँचामा व्यवसायीले निवेदन नगरपालिकाको कार्यालयमा दिनुपर्नेछ र व्यवसाय नविकरण आर्थिक वर्षको पहिलो ३ महिना भित्र गराई सक्नु पर्नेछ ।

ग) व्यवसाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीए बमोजिम हुनेछ ।

घ) तोकिएको समय भित्र व्यवसाय नविकरण नगर्ने व्यवसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिई नविकरण गरिनेछ ।

**६. व्यवसाय बन्द गर्नेः** क) नगरपालिका भित्र दर्ता भएको व्यवसाय बन्द भएमा वा बन्द गर्नु परेमा सम्बन्धित व्यवयसायीले अनुसुचि ४ बमोजिम निवेदन नगरपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपसिलको अनुगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

| | |
|---|---|
| अ) नगर प्रमुख | संयोजक |
| आ) नगर प्रमुखले तोकेको २ जना कार्यपालिका सदस्य | सदस्य |
| इ) उद्योग शाखाका प्रमुख | सदस्य सचिव |

ग) समितिबाट सिफारिस प्राप्त भएपछि प्रमुख प्रशासकिय अधिकृतले सिफारिशको आधारमा व्यवसाय दर्ता खारेज गर्नेछ ।

**७. सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्नेः** क) यस कार्यविधि बमोजिम नगरपालिका भित्र दर्ता भएका व्यवसायीहरु नेपाल सरकारले तोकेको अन्य निकायमा समेत दर्ता हुनुपर्नेछ ।

ख) यस कार्यविधि बमोजिम नगरपालिकामा दर्ता भएका व्यवसाय संघीय कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुनेछैन ।

## अनुसुची १

## व्यवसाय दर्ता निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू,
राजदेवी नगर कार्यपालिकाको कार्यालय,
राजदेवी, रौतहट ।

**विषय : व्यवसाय दर्ता गरी पाऊँ ।**

यस नगरपालिकाको कार्यालयले व्यवसाय दर्ता सम्बन्धमा तपसिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याँई गर्ने कागजात संलग्न गरी व्यवसाय दर्ता गराउन यो निवेदन पेश गरेको छु ।

तपसिलः

<table>
<tr><td colspan="6">१. व्यवसाय दर्ता गर्न निवेदन पेश गर्ने व्यक्तिको विवरणः</td></tr>
<tr><td colspan="3">क) नामः</td><td colspan="3">ख) ठेगाना :</td></tr>
<tr><td colspan="3">ग) पत्राचार गर्ने ठेगाना :</td><td colspan="3">घ) मुख्य व्यक्तिको नामः</td></tr>
<tr><td colspan="3">ङ) टेलिफोन नं. :</td><td colspan="3">च) मोवाइल नं. :</td></tr>
<tr><td colspan="6">२. व्यवसाय दर्ता गर्नका लागि आवश्यक पर्ने कागजात :</td></tr>
<tr><td colspan="6">क) व्यवसायको प्रकृति अनुसार लाग्ने शुल्क तिरेको रसिद । छ ( ) छैन ( )<br>ख) नागरिकता प्रमाणपत्रको प्रकाणित प्रतिलिपि । छ ( ) छैन ( )<br>ग) दुई प्रति पासपोर्ट साइजको फोटो । छ ( )छैन : ( )<br>घ) घर भाडा लिई व्यवसाय गर्ने भए सम्बन्धित घरधनीसँग गरिएको घरभाडा सम्झौता । छ ( ) छैन ( )<br>ङ) आफ्नै घरमा व्यवसाय सञ्चालन गर्ने भए चालु आ.व. सम्मको मालपोत र घर धुरी कर तिरेको रसिदको प्रतिलिपि । छ ( ), छैन ( )</td></tr>
<tr><td colspan="6">३. व्यवसायको प्रकृति :</td></tr>
<tr><td colspan="6">४. व्यवसायको कुल पुँजिः</td></tr>
<tr><td colspan="6">५. व्यवसाय सञ्चालन गर्ने स्थान :</td></tr>
<tr><td colspan="6">६. फर्म/व्यवसायको नाम :</td></tr>
<tr><td colspan="2">निवेदन दिएको मिति :<br><br>आर्थिक वर्ष :</td><td colspan="2">कार्यालय प्रयोजनका लागि<br>दर्ता नं :<br><br>दर्ता मिति :</td><td colspan="2">निवेदकको हस्ताक्षरः</td></tr>
</table>

## अनुसूची २

## चार किल्ला सर्जमिन मुचुल्का

लिखितम.................. जिल्ला .......................... गा.पा./न.पा. वडा नं. .......मा स्थायी घर भई हाल ............................. गा.पा./न.पा. वडा नं........बस्ने श्री ........................................ को नाती/नातीनी/बुहारी श्री ....................................को छोरा/छोरी/पत्नि वर्ष ....... को श्री .................................... ले राजदेवी नगरपालिका वडा नं. ...... को .............................. को नाममा जग्गा घनी प्रमाण पुर्जा भएको पूर्व को .......... को जग्गा, पश्चिमको ............. को जग्गा, उत्तर को .......... को जग्गा र दक्षिणको ............. को यति चार किल्ला भित्रको कित्ता नं. ............क्षेत्रफल ............ को जग्गामा उद्योग/व्यवसाय/कृषि तथा पशु फार्म सञ्चालन गर्न पाऊँ भनि यस कार्यालयमा दिनु भएको निवेदनको आधारमा कसैलाई बाधा विरोध नपर्ने सम्बन्धमा बुझ्न खटिई आउनु भएका वडा कार्यालयका कर्मचारी/जनप्रतिनिधिले हामी तपसिलका व्यक्ति सँग सोधपुछ गर्नुभएकोमा उक्त कित्ता नं.. ... ...... को जग्गामा माथि उल्लिखित अनुसारको उद्योग/व्यवसाय/कृषि तथा पशु फार्म सञ्चालन गर्दा सार्वजनिक महत्वको स्थान विद्यालय, मठ मन्दिर र सँधियारहरुलाई बाधा नपर्ने भएकाले उल्लिखित कार्य गर्न हामी सहमत छौं । साथै पछि कुनै बाधा विरोध पर्‍यो भने उजुरी गर्ने छैनौं भनि सहि छाप गरिदियौं ।

**तपसिल :**

१. पुर्व तर्फका संधियार ................ वर्ष का श्री ........................................................................ (नागरिकता नं. )

२.पश्चिम तर्फका संधियार ............... वर्षका श्री ........................................................................ (नागरिकता नं. )

३. उत्तर तर्फका संधियार ............ वर्ष का श्री ............................................................... ( नागरिकता नं. )

४. दक्षिण तर्फका संधियार ............वर्ष का श्री ..............................................................

(नागरिकता नं. )

इति संवत ............ साल .................. महिना ................ गते ................ रोज शुभम ।

# राजदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### राजदेवी, रौतहट
### (व्यवसाय/उद्योग दर्ता प्रमाण-पत्र)

दर्ता नं./मिति : प्रमाण पत्र संख्या :

कर क्षेत्र:

पुँजि:

१. व्यवसाय/फर्मको नाम :
२. प्रोप्राइटरको नाम :
३. पिता वा पतिको नाम :
४. व्यवसायको किसिम :
५. संचालन गर्ने स्थान :

.................................

प्रमुख प्रशासकिय अधिकृत

नोट :

- निर्धारित व्यवसाय कर लिई यो प्रमाण पत्र दिइएको छ।
- प्रमाण पत्र अरुलाई उपभोग गर्न दिनु हुन्न।
- प्रत्येक आर्थिक वर्षको सुरुमा नगर कार्यपालिकाको कार्यालयमा व्यवसाय नविकरण गरी व्यवसाय कर बुझाउनु पर्नेछ।
- तोकिएको समयमा व्यवसाय कर नबुझाएमा तोकिए अनुसारको जरिवाना लगाइनेछ।
- व्यवसाय गर्ने स्थानमा सबैले देख्ने गरि प्रमाण पत्र राख्नु पर्नेछ।
- विक्रि गरिने मालसामानको सबैले देख्ने गरि मुल्यसूची राख्नुपर्नेछ।
- व्यवसाय छोड्नु वा नामसारी/ठाँउसारी गर्नु पूर्व नगर कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ।
- सुर्तिजन्य/मादकपदार्थको बेचविखन गर्ने व्यवसायीलाई नगर कार्यपालिकाले पुन: निर्देशन दिन सक्नेछ।

# नविकरण रेकर्ड

| क्र.सं | नविकरण मिति | | प्रमाणित गर्ने पदाधिकारीको | | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | नाम | दस्तखत | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले,

प्रलव कायस्थ

प्रमुख प्रशासकीय अधिकृत